


राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क १४८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ जेठ २८ गते शुक्रबार ❑ 11 June 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## मुख्यमन्त्री गुरुङ पदमुक्त

### विपक्ष गठबन्धन नयाँ सरकार बनाउने गृहकार्यमा

**पोखरापत्र संवाददाता**
**पोखरा, २७ जेठ**

गण्डकी प्रदेशका मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङ प्रदेशसभाबाट विश्वासको मत प्राप्त गर्न असमर्थ भएका छन् । बिहीबार गण्डकी प्रदेश सभामा भएको विश्वासको प्रस्ताव माथि मतदान हुँदा मुख्यमन्त्री गुरुङको पक्षमा २७ मत परेसंगै उनको नेतृवको सरकार ढलेको छ।

६० सांसद रहेको प्रदेश सभामा ३१ मत पुऱ्याउन नसके पछि गुरुङ पदमुक्त भएका हुन्। उनको विपक्षमा भने ३० मत परेको थियो । प्रदेश सभामा सभामुख नेत्रनाथ अधिकारी सहित ६० सांसद रहे पनि विहीबारको मतदानमा ५७ जना मतदाता सहभागि भएका थिए । एक स्वतन्त्र सांसद सांसद दीपक गुरुङ (राजीव मनाङे) मतदानमा अनुपस्थित भए भने जनमोर्चाबाट कारवाहीमा परेका सांसद कृष्ण थापाले पक्ष तथा विपक्ष कसैलाई पनि मत नदियर तटष्थ रहे। यदि दुबै तर्फ बराबरी मत भएको खबस्थामा मात्र सभामुखले मतदान गर्न पाउने प्रावधान रहेको छ।



गुरुङ पछिल्लो पटक वैशाख २९ मा नेपालको संविधान धारा १६८ को उपधारा ३ अनुसार मुख्यमन्त्री बनेका थिए । १ महिनाभित्र विश्वासको मत लिनुपर्ने कानुनी प्रावधान भएकोले उनले बिहीबार सदनमा विश्वासको मत दिन माग समेत गरेका थिए । अब प्रदेश प्रमुखले १६८ को उपधारा ५ अनुसारको सरकार गठनका लागि आह्वान गर्ने भएकी छन् । गुरुङको नेतृत्वमा रहेको सरकारमा युवा तथा खेलकुद मन्त्री भएका दीपक मनाङेले विपक्षी दललाई सरकार बनाउनका लागि हस्ताक्षर दिएको माओबादी केन्द्रका एक सांसद एवं पूर्व मन्त्री लेखबहादुर थापा मगरले बताए । बुधबारको मन्त्रिपरिषद बैठकमा अनुपस्थित भएका मनाङे विहिबार दिनभरी जसो सम्पर्कविहीन भएका थिए । संसद विघटन हुनबाट जोगाउन र संघीयतालाई थप मजबुत पार्न आफु बाध्य भएर विपक्षि दलको गठवन्दनलाई साथ दिएको उनले जनाए।

मुख्यमन्त्री गुरुङले गणितिय हिसावमा आफ्नो पक्षमा पार्न मनाङेलाई सामाजिक विकास मन्त्रालयलाई फुटाएर मन्त्री बनाएका थिए । पहिलोपटक १० दिन मन्त्री भएका मनाङले पछिल्लो पटक वैशाख २९ गते पुन मन्त्रीमा नियुक्त भएका थिए। कुनै आन्तरिक चलखेल नभए नेपाली कांग्रेस संसदीयदलका नेता कृष्णचन्द्र नेपाली पोखरेल मुख्यमन्त्री बन्ने भएको माओबादी केन्द्रका सांसद रामजी प्रसाद बराल जीवनले बताए।

विश्वासको मत परिणाम सार्वजनिक भएसँगै मुख्यमन्त्री गुरुङ निरास मुद्रामा सदनबाट बाहिरिदै अब कानुनी प्रकृयाबाट सरकार गठन हुने प्रतिकृया दिएकाछन् । प्रस्तावित मुख्यमन्त्री पोखरेलले अब आफुहरुले गण्डकी प्रदेश प्रमुख समक्ष नयाँ सरकार गठनको लागि बहुमत ३१ जनाको प्रदेश सभा सदस्य (सांसद) को हस्ताक्षर लियर जाने भएको बताए । आफुहरुको नेतृत्वमा अब भने नयाँ सरकार बन्ने लगभग पक्का भएको उनले दाबी गरे।

असार १ गतेभित्र बजेट ल्याउने पर्ने सरकारलाई चुनौती रहेकोले त्यसलाई दिन रात खटेर भए पनि समयमै बजेट ल्याउने गरी आफुहरुको नेतृत्वमा सरकार गठन भएर्कै दिनबाट सुरु गर्ने नेता पोखरेलले बताए। पार्टीले सत्ता पक्षलाई भोट नहाल्ने आदेश दिए पनि आफुले सत्ता र प्रतिपक्ष कसैलाई पनि भोट नहालेको जनमोर्चाका सांसद थापाले बताए।

सभामुख नेत्रनाथ अधिकारीले संसद बैठक जेठ २८ गते ११:०० बजेको लागि आव्हान गरेका छन् । विहिबार संसदमा सुरक्षा व्यबस्था निकै कडा पारिएको थियो। सदनमा विभिन्न पार्टीका संसदीय दलका नेताहरुले आफ्नो भनाई राखेका थिए भने सत्ता पक्षले अहिलको सरकार टिकाउन मत दिन आग्रह गरेका थिए भने प्रतिपक्ष दलका नेताहरुले अहिलेको प्रतिगमनकारी सरकारलाई विश्वासको मत दिन नसक्ने जनाएका थिए।

**अझै एकात्मक संरचना छः मुख्यमन्त्री गुरुङ**

विश्वासको मत माग्दै मुख्यमन्त्री गुरुङले अहिले पनि आफुले संघीय लोकतान्तित्र गणतन्त्रलाई मजबुद पार्न प्रदेश र स्थानिय सरकारलाई बढी अधिकार प्रत्यायोजन गर्ने बिषयमा खरु रुपमा उठाउदै आएको बताए। केन्द्र सरकारको स्वार्थको लागि प्रदेश र स्थानीय नेताहरु वलिको वोका हुनु परेको गुनासो गरेका उनले मैना चरीका रुपमा केन्द्र सरकारले अन्य सरकारलाई खेलाउन खोजेको दाबी गरे । उनले भने "काठमाण्डौंको भाकल पुरा गर्न तल्लो लेवलका नेता कार्यकर्तालाई वलि वनाउने काम भएको छ ।" प्रदेशमा नमुना केही काम गरेको दाबी गर्दै मुख्यमन्त्री गुरुङले ९८ प्रतिशत जनताको घरमा बिद्युत सेवा पुगेको जनाए । अझै देशमा एकात्मक संरचना भएको उनले दाबी गरे।

## मन्त्रिपरिषद् बिस्तार, गृहमा अधिकारी

**पोखरापत्र संवाददाता**
**पोखरा, २७ जेठ**

राष्ट्रपति विद्यादेवी भण्डारीले प्रधानमन्त्री केपी शर्मा ओलीको सिफारिसमा मौजुदा मन्त्रिपरिषद् विस्तार गरी पूर्णता दिनुभएको छ।

उहाँले नेकपा (एमाले) र जनता समाजवादी पार्टीका नेतासहित मन्त्री र राज्यमन्त्री गरी थप आठ जनालाई सहभागी गराई २५ सदस्यीय मन्त्रिपरिषद् विस्तार गर्नुभएको हो । यही जेठ ८ गते प्रतिनिधिसभाको विघटनपछि यो दोस्रो पटक मन्त्रिपरिषद्को विस्तार हो।



विस्तारित मन्त्रिपरिषद्मा रक्षा मन्त्रालय प्रधानमन्त्री केपी शर्मा ओलीले राख्नुभएको छ भने गृह खगराज अधिकारी, उद्योग, वाणिज्य तथा आपूर्तिमा राजकिशोर यादव, सञ्चार तथा सूचना प्रविधिमा नैनकला थापा, कृषि तथा पशुपछी विकासमा ज्वालाकुमारी साह, वन तथा वातावरणमा नारदमुनि राना, सङ्घीय मामिला तथा सामान्य प्रशासनमा गणेशकुमार पहाडी र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय हेर्ने गरी मोहन बानियाँ मन्त्री नियुक्त हुनुभएको छ।


यसैगरी, आशाकुमारी विकलाई वन तथा वातावारण मन्त्रालयको राज्यमन्त्री नियुक्त गरिएको छ।

## अग्रज पत्रकार बाँस्तोलाको निधन

**पोखरापत्र संवाददाता**
**पोखरा, २७ जेठ**

अग्रज पत्रकार यज्ञप्रसाद बास्तोलाको निधन भएको छ।

नेपाल पत्रकार महासंघ कास्कीका सदस्य तथा अग्रज पत्रकार बास्तोला ७० वर्षको उमेरमा उनको निधन भएको उनको परिवारले जनाएको छ। कोभिड–१९ (कोरोना भाइरस संक्रमण) भई चरक मेमोरियल अस्पतालमा उपचाररत बास्तोलाको बिहीबार बिहान ३:०० बजे उनको निधन भएको अस्पताल स्रोतले जनाएको छ। केही दिन अघि कोरोना संक्रमण भई पोखराको रिजनल अस्पतालमा उपचार भई घर फर्किएका उनको स्वास्थ्यमा एकाएक समस्या आएसंगै बिहीबार उनलाई चरक अस्पताल पुराइएको थियो। अग्रज पत्रकार बास्तोलाको विहीबार पोखराको तुल्सीघाटमा अन्तिम दाहसंस्कार गरिएको छ। पोखरा १९ पुरुन्चौर काउरे स्थायी घर भई हाल



पोखरा महानगरपालिका वडा नम्बर ५ बस्दै आएका बास्तोलाका २ श्रीमती, ३ छोरा, १ छोरी रहेका छन्।

यसैबिच नेपाल पत्रकार महासंघले उनको निधन भएको घटना प्रति गहिरो दुःख व्यक्त गरेको छ । महासंघले बिहीबार अस्पताल परिसरमै उनको स्मृतिमा श्रद्धान्जली सभा समेत गरेको छ। महासंघका केन्द्रिय सदस्य त्रिभुवन पौडेल, महासंघ कास्कीका अध्यक्ष विमला भण्डारी, सचिव माधव बराल, कोषाध्यक्ष कृष्ण दवाडी, सल्लाहकार दीपेन्द्र श्रेष्ठ, अग्रज पत्रकार पुण्य प्रसाद पौडेल, पत्रकार हरि बास्तोला, दीननाथ बराल सहितको टोलीले उनको पार्थीव शरीरमा पुष्पा गुच्छा अर्पण गर्दै उनले पत्रकारीता क्षेत्रमा पुराएको योगदानको बारेमा प्रशंसा समेत गरिएको थियो।

महासंघ कास्कीले बिहीबार शोक विज्ञप्ति मार्फत यस दुखद् घडीमा बास्तोलाको आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली व्यक्त गरेको छ। पीडादायी क्षणमा शोक सन्तप्त परिवारजनमा हार्दिक समवेदना समेत महासंघले व्यक्त गरेको छ। पोखरा १९ पुरनचौरमा विस २००८ कात्तिक २५ गते जन्मेका बास्तोला सादगी, इमानदार, सनातन हिन्दू धर्म, योगमा सर्मपित र मिलनसार रहेको महासंघले जनाएको छ । उनले माइक्रोन्युज दैनिक, पोखरापत्र दैनिक, माछापुच्छ्रे एफएम, आदर्श समाज दैनिक लगायतमा आबद्ध भएका थिए।

## नागरिकतासम्बन्धी अध्यादेश कार्यान्वयन नगर्न सर्वोच्चको अन्तरिम आदेश

**रासस**
**काठमाडौं, २७ जेठ**

काठमाडौँ, २७ जेठ (रासस): सर्वोच्च अदालतले नेपाल नागरिकतासम्बन्धी (पहिलो संशोधन) अध्यादेश, २०७८ तत्काल कार्यान्वयन नगर्न सरकारका नाममा अन्तरिम आदेश जारी गरेको छ।

प्रधानन्यायाधीश चोलेन्द्रशम्शेर जबरा तथा न्यायाधीश दीपककुमार कार्की, मीरा खड्का, हरिकृष्ण कार्की र ईश्वरप्रसाद खतिवडाको संवैधानिक इजलासले बिहीबार सो अध्यादेश कार्यान्वयन नगर्न अन्तरिम आदेश जारी गरेको हो।


"यस प्रकारको विषयमा संघीय संसद्बाट विधेयक पारित भई निर्माण भएको ऐनबाट नै आवश्यक व्यवस्था मिलाउन उपयुक्त हुन्छ, यो नै कानून निर्माणको नियमित संवैधानिक प्रक्रिया पनि हो", आदेशमा भनिएको छ, "यसरी सुविधा सन्तुलनको दृष्टिले हेर्दा अहिले नै अध्यादेशकार्यान्वयनगर्नुकोन्यायिक औचित्य देखिएन ।" आदेशमा मन्त्रिपरिषद्को सिफारिशबमोजिम यही जेठ ९ गते राष्ट्रपतिबाट जारी अध्यादेश रिट निवेदनको अन्तिम किनारा नलागेसम्म कार्यान्वयन नगर्नू, नगराउनू भनिएको छ । यसअघि सर्वोच्च अदालतमा यही जेठ २१ गते सुनुवाइ शुरु गरी 'हेर्दाहेर्दै' मा आजका लागि राखिएको थियो । अदालतको आदेशसँगै अध्यादेश कार्यान्वयन रोकिएको छ। सो अध्यादेशविरुद्ध सर्वोच्च अदालतमा ६ रिट निवेदन परेका थिए । सो निवेदनमाथिको सुनुवाइपछि अदालतले अन्तरिम आदेश जारी गरेको हो। आदेशमा अध्यादेशबाट शक्तिपृथकीकरणको सिद्धान्तअनुकूल व्यवस्थित संविधानका प्रावधानहरूको प्रयोग वा कार्यान्वयनमा अनुचित असर पर्न जानेसमेत देखिएको उल्लेख छ।

## खेलाडीलाई खोपका लागि पहल शुरु

**पोखरापत्र संवाददाता**
**पोखरा, २७ जेठ**

प्रदेश खेलकुद परिषद्, गण्डकीले प्रदेशको नेतृत्व गर्दै आठौं राष्ट्रिय खेकलुद प्रतियोगितामा सहभागी र १३ औं दक्षिण एशियाली खेलकुद (साग)मा पदक विजेता खेलाडीलाई कोभिड १९ विरुद्धको खोपका लागि पहल शुरु गरेको छ। परिषदको बुधबार पोखरामा सम्पन्न बैठकले कोभिड १९ का कारण ठप्प रहेको खेलकुद गतिविधिलाई चलायमान गर्न खोपका लागि पहल शुरु गर्ने निर्णय गरेको हो। परिषदका सदस्यसचिव तेजबहादुर गुरुङले बैठकबारे जानकारी दिँदै भन्नुभयो, "खेल क्षेत्र अब टुलुटुलु हेरेर बस्न सक्दैन, खेलाडी र प्रशिक्षकलाई हामी मैदानमा उतार्न चाहन्छौ तर त्यो भन्दा अघि खोप हाम्रा लागि अनिवार्य हुन्छ।"

खेलाडीसँगै सबै जिल्ला खेलकुद विकास समितिका सदस्य र प्रशिक्षकलाई समेत कोभिडविरुद्धको खोपका लागि पहल शुरु गरिएको उहाँको भनाइ छ । परिषदको बैठकले गण्डकी प्रदेशमा विभिन्न पर्यटन तथा साहसिक खेलको अध्ययन तथा परामर्शका लागि वसन्तराज दवाडीको संयोजकत्वमा तिन सदस्यीय उपसमिति गठन गरेको छ । समितिको सदस्यमा परिषद्का सदस्य गिरमान गुरुङ र केशव पाठक रहनुभएको छ । बैठकले असारको दोश्रो साताबाट प्रदेशमा विभिन्न खेलका प्रशिक्षक उत्पादन गर्न अनलाइन कक्षा सञ्चालन गर्ने निर्णयसमेत गरेको छ।



# भुर्जङ्खोलामा रक्तदान, ५६ यूनिट रगत संकलन

**पोखरापत्र संवाददाता**
**पोखरा, २७ जेठ**

कास्कीको माछापुच्छ्रे गाउँपालिका २ भुर्जङ्खोलमा आयोजना गरिएको रक्तदान कार्यक्रममा ५६ यूनिट रगत संकलन भएको छ।

कोरोनाको महामारीसँगै पछिल्लो समय अस्पतालहरुमा रगत अभाव देखिन थालेपछि भुर्जुङ्खोलामा स्थानिय ग्रीनफोर्स युथ क्लबले रक्तदान कार्यक्रमको आयोजना गरेको हो । रेडक्रस सोसाइटी कास्कीको प्राविधिक सहयोगमा भएको रक्तदान कार्यक्रममा स्थानियबासीहरुले रक्तदान गरेका थिए । रक्तदानमा सहभागीताका लागि क्लबले सम्पूर्ण



स्वास्थ्य मापदण्ड पालना गरिएको जनाएको छ । क्लबका अध्यक्ष रामप्रसाद गुरुङले रगत अभावलाई न्यूनिकरण गर्न आगामी दिनमा पनि यस्ता कार्यक्रमको आयोजना हुने बताएका छन् । साथै सोही अवसरमा क्लबले स्थानिय सार्दीखोला स्वास्थ्य चौकीमा संचालनमा आएको आइसोलेशन कक्षको व्यवस्थापनको लागि आर्थिक सहयोग पनि गरेको छ । 'खासगरि हामीले अन्य भौतिक सहयोग पनि आइसोलेशनका लागि गर्दै आएका हौँ । तर क्लबको सकृयतामा आर्थिक सहयोग पनि गरौँ भन्ने लागेपछि हामीले हाललाई २० हजार रुपैयाँ सहयोग गरेका हौँ ।' क्लबका कोषाध्यक्ष राजेन्द्र आचार्यले भने ।

क्लबले स्थानियस्तरमा हाल कोरोना र लकडाउनका कारणले समस्यामा परेका विभिन्न व्यक्ति र समूहहरुलाई पनि सहयोग गर्दै आएको छ।



भेरोसेल खोप ज्येष्ठ नागरिकलाई : पोखरा महानगरपालिलका वडा १३ स्थित वडा कार्यालयमा बिहीवार ६२-६४ वर्ष उमेर समूहका ज्येष्ठ नागरिकलाई कोभिड १९ का विरुद्ध पहिलो चिनियाँ खोप (भेरोसेल) लगाइएको छ। शहरी स्वास्थ्य केन्द्र वडा १३ की इन्चार्ज लिला गुरुङले ज्येष्ठ नागरिकलाई पहिलो खोप लगाउने तयारीमा। वडा १३ को स्वास्थ्य केन्द्रमा शान्तपूर्वक भौतिक दुरी र स्वास्थ्य मापदण्ड पुरागरी करिव तीन सय जनालाई सो खोप लगाएको वडा न १३ वडा अध्यक्ष दर्शन लामाले पोखरापत्रलाई बताए। सोही दिन वडा १३ स्थित आर्वा विजय स्वास्थ्य चौकी पोखरी गाउँमा पनि खोप लगाइएको अध्यक्ष लामाले भने। फोट–पोखरापत्र

# पोउवा संघद्वारा अस्पताललाई स्वास्थ्य सामग्री सहयोग

**पोखरापत्र संवाददाता**
**पोखरा, २७ जेठ**

पोखरा उद्योग वाणिज्य संघले संक्रामक तथा सरुवा रोग अस्पताल तथा मातृशिशु अस्पताललाई स्वास्थ्य सामग्री सहयो गरेको छ।

कोभिड-१९ को दोस्रो लहरबाट नागरिकलाई जोगाउने अभियानमा लागेका अस्पतालहरुमा स्वास्थ्य सामग्रीको अभाव नहोस् भन्ने उदेश्यले करिब २ लाख बराबरका स्वास्थ्य सामग्री हस्तान्तरण गरिएको संघका अध्यक्ष नारायण कोइरालाले बताए।

बिहीबार आयोजित समारोहमा मातृशिशु अस्पताललाई पीपीई, मास्क,पञ्जा, स्यानिटाइजर, फेससिल्डसहित १ लाख बराबरका सामग्री हस्तान्तरण गरिएको उनले बताए । सो अवसरमा अध्यक्ष सहित नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्य तथा संघका निवर्तमान अध्यक्ष दामु अधिकारी, महासचिव सुरेन्द्रमान विजुक्छे, कोषाध्यक्ष तथा संघमा गठित पोउवा संघ कोभिड भाइरस राहत संकलन उपसमिति संयोजक बलराम आचार्य, उपमहासचिव



केशवबहादुर खत्री, कार्यसमिति सदस्य तथा स्वास्थ्य उपसमिति संयोजक भरत केसी, कार्यसमिति सदस्य पवित्रा गुरुङ तथा कार्यकारी निर्देशक टोपबहादुर थापाको उपस्थिति रहेको थियो।

मातृशिशु मितेरी अस्पतालले बिहीबारबाटै २० बेडको कोभिड बिरामीहरुको उपचार थालेको छ । अस्पतालले हाल २० बेडमा कोभिडका बिरामीको उपचार थालेको छ । मातृशिशु अस्पतालले कोभिडवार्डमा महिला तथा बालबालिकालाई प्राथमिकता दिएपनि अन्य संक्रमितको पनि उपचार गरिने गण्डकीका सभासद तथा अस्पतालका परिकल्पनाकार कृष्ण थापाले बताए। अस्पतालका निमित्त मेडिकल सुपरिटेण्डेण्ट पुष्कर पौडेलले कोभिडका बिरामीहरुलाई निःशुल्क पोषणयुक्त खानाको व्यवस्था गरिएको जानकारी दिए । कार्यक्रममा अस्पताल व्यवस्थापन समितिका कार्यवाहक अध्यक्ष पुष्पराजतिमिल्सिना र जिल्ला समन्वय समितिका अध्यक्ष वैनबहादुर क्षेत्रीले पनि मन्तव्य राखेका थिए । यता संघका अध्यक्ष कोइरालासहितको प्रतिनिधिमण्डलले बिहीबार नै लेखनाथमा रहेको संक्रामक तथा सरुवा रोग अस्पताललाई पनि स्वास्थ्य सामग्री हस्तान्तरण गऱ्यो। सो अवसरमा बोल्दै संघका अध्यक्ष नारायण कोइरालाले संकटको यो घडीमा नागरिकको जीवन रक्षाको लागि खटिएका स्वास्थ्यकर्मीहरुले स्वास्थ्य सामग्रीको अभाव खेप्न नपरोस् भन्ने हेतुले सहयोग गरिएको बताए । सहयोग सामग्री स्वीकार्दै अस्पतालका निर्देशक विकास गौचनले पछिल्ला दिनमा अस्पतालमा केही स्वास्थ्य सामग्रीको अभाव भएको जानकारी दिँदै संघको सहयोग सह्रानीय भएको बताए । महासचिव सुरेन्द्रमान बिजुक्छेका अनुसार जिल्ला ट्राफिक प्रहरी कार्यालयलाई पनि संघले स्वास्थ्य सामग्री हस्तान्तरण गर्दैछ । संघले कोभिडबाट समस्यामा परेकाहरुलाई सहयोग पुऱ्याउने उदेश्यले कोषाध्यक्ष बलरामआचार्यको संयोजकत्वमा पोउवा संघ कोभिड भाइरस राहत संकलन उपसमितिगठन गरेको छ। संघको अभियानलाई यहाँका बस्तुगत संघहरुले पनि सहयोग गरेका छन् । यसअघि पनि संघले संकटमा परेका परिवारहरुलाई खाद्य सामग्री बितरण गरेको थियो।

# वृद्धाश्रममा सहयोग

**पोखरापत्र संवाददाता**
**पोखरा, २७ जेठ**

पोखरा महानगरपालिका-१७ स्थित पोखरा वृद्धाश्रममा कोरोनाको कहरसँगै तरकारी तथा खाद्यान्न अभाव भएको सूचना पाएसँगै यहाँको तल्लो कुलाको डिल टोल विकास संस्थाले ४० हजार नगदसहित खाद्यान्नसमेत गरी रु ८० हजार बराबरको सहयोग गरेको छ। पोखरा-६ मा क्रियाशील संस्थाले बुधबार पोखरा वृद्धाश्रमका अध्यक्ष कुसुमकेशव पराजुलीलाई उक्त सहयोग हस्तान्तरण गरेको टोल विकास संस्थाका सदस्य ऋषिराम बरालले जानकारी दिनुभयो। कोरोना कहरका कारण निषेधाज्ञा जारी भइरहेको अवस्थामा विगतमा जस्तो सहयोगी दाताहरू आउनसमेत असमर्थ भएको सूचना पाएसँगै संस्थाको पहलमा उक्त सहयोग जुटाइएको संस्थाका अध्यक्ष मणिराम बरालले बताउनुभयो।




# पूर्वबाट मनसुन प्रवेश गर्दै, केही दिनभित्रै वर्षा बढ्ने

**रासस**
**काठमाडौं, २७ जेठ**

नेपालमा अब केही दिनमा पूर्वबाट मनसुन भित्रिने जल तथा मौसम विज्ञान विभागले जनाएको छ।

बङ्गालको खाडीबाट मनसुन विकसित भइसकेको र त्यो नेपाल आउने क्रममा रहेको वरिष्ठ मौसमविद् वरुण पौडेलले जानकारी दिनुभयो । उहाँले केही वर्षा बढ्न थालेको र आगामी हप्ताबाट भने ठाउँठाउँमा भारी बर्षासमेत हुने राससलाई जानकारी दिनुभयो।

"हामी अहिले मनसुनको निगरानी गरिरहेका छौँ, एक/दुई दिनभित्रैमा मनसुन भित्रिएको घोषणा हुनेछ", पौडेलले थप्नुभयो, "वर्षा विस्तारै बढ्न थालेको छ, आगामी हप्ता ठाउँठाउँमा भारी वर्षा भएर बाढी पहिरोसमेत आउनसक्छ, सचेत हुन अनुरोध गर्दछु।" उहाँका अनुसार पश्चिमी वायुको प्रभाव रहेकाले मनसुन राम्ररी फैलिसकेको छैन। मौसमविद् गङ्गा नगरकोटी हाल देशमा पश्चिमी वायु, पूर्वीय वायु र स्थानीय वायुको मिश्रित प्रभाव कायम रहेको छ। त्यसले वाग्मती, गण्डकी, लुम्बिनी र प्रदेश नं १ का केही भेगमा वर्षा जारी छ। काठमाडौं उपत्यकाका विभिन्न स्थानमा पनि वर्षा भएको छ । बिहीबार राति देशभर सामान्यदेखिपूर्णबदलीरहनेछ।देशका धेरै स्थानमा मेघगर्जन/चट्याङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको छ । शुक्रबार पनि देशभर सामान्यदेखि पूर्ण बदली रहने र धेरै स्थानमा मेघगर्जन/चट्याङसहित मध्यमसम्मको वर्षाको हुनेछ।

सामान्यरूपमा विगत १० वर्षयता जुन १० मा मनसुन भित्रिएर सेप्टेम्बर २३ मा बाहिरिन्थ्यो । यस वर्षदेखि मनसुन भित्रिने दिन जुन १३ अर्थात् आगामी आइतबार हो । अक्टोबर २ मा बाहिरिने छ । सरदर वर्षाको आँकडा विश्लेषण गरेर मनसुनको मिति तय गरिने भए पनि कहिलेकाहीँ केही दिन ढिला र केही दिन चाँडो पनि मनसुन भित्रिने हुनसक्छ।

# पदयात्रा मजदुरलाई सहयोग

**पोखरापत्र संवाददाता**
**पोखरा, २७ जेठ**

ट्रेकिङ एजेन्सिज एशोसियसन अफ नेपाल (टान), पश्चिमाञ्चल क्षेत्रीय सङ्घ पोखराको आयोजना एवं कर्मा फ्लाइट्स फाउन्डेसन नेपालको साझेदारीमा कोरोना कहरका कारण प्रभावित पदयात्रा मजदुर (पथ प्रदर्शक र सहयोगी) को सहयोगार्थ राहतस्वरूप खाद्यान्न वितरण गरिएको छ।


पोखरामा रही पदयात्रा क्षेत्रमा क्रियाशील १३० मजदुरलाई चामल, दाल, चना/केराउ, तेल, नुन, मस्यौरा (सोयाबिन), साबुनलगायतका सामान वितरण गरिएको हो । देशका विभिन्न स्थानबाट आएर पोखरामा बालबच्चासहित परिवारको साथमा घरभाडामा बसेका मजदुर विगत एक वर्षदेखि कोरोना कहरका कारण पदयात्रा पर्यटन ठप्प भएसँगै बेरोजगार बनेको र निषेधाज्ञाका कारण अन्य वैकल्पिक रोजगारीसमेत नभएका कारण परेको खाद्यान्न सङ्कटलाई दृष्टिगत गरी सहयोग गरिएको टान पश्चिमाञ्चल क्षेत्रीय सङ्घका अध्यक्ष सुशीलराज पौडेलले जानकारी दिनुभयो । कोराना कहरका कारण दीर्घकालीनरूपमा पदयात्रा आश्रित मजदुरको समस्या समाधान र पर्यटनको जनशक्तिलाई जोगाउने वातावरण तयार गर्न सङ्घ, प्रदेश र स्थानीय तीनवटै तहका सरकार क्रियाशील बन्नुपर्ने उहाँले बताउनुभयो।


# कपालको उपचार

## कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



**सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

# के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरुषमा देखिने**:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरुमा देखिने**:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरुको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

एक क्षणको पाप कैयौं वर्षको कष्ट बन्छ ।
– कालीदास

## सम्पादकीय

# सर्वोच्चबाट सरकारलाई झड्का

विवादित नागरिकता अध्यादेश कार्यान्वयन नगरी यथास्थितिमा राख्न सर्वोच्च अदालतले आदेश दिएको छ । राष्ट्रपतिले प्रतिनिधिसभा विघटन गरेको भोलिपल्ट नागरिकता संबन्धी अध्यादेश जारी भएको थियो । नागरिकताका बारेमा दलहरुबीच सहमति जुट्न नसक्दा राजनीति गर्ने ठाउँ दिएको थियो । नेपाली नागरिकता जस्तो संवेदनशील विषयलाई राजनीतिक दाउपेचको विषय बनाउँदा सर्वोच्च अदालतले अध्यादेश कार्यान्वयन नगर्न आदेश दिएर सरकारलाई झड्का लगाउने काम गरेको छ । वरिष्ठ अधिवक्ता बोर्णबहादुर कार्की लगायतले दिएको रिटमा सुनुवाइ गर्दै बिहीबार प्रधानन्यायाधीश चोलेन्द्रशमसेर जबरा, न्यायाधीशहरू दीपककुमार कार्की, मीरा खडका, ईश्वरप्रसाद खतिवडा र आनन्दमोहन भट्टराईको इजलासले उक्त अध्यादेश तत्काल कार्यान्वयन नगर्न आदेश दिएको छ ।

राजनीतिक उद्देश्य प्राप्तिका लागि विधायिका छलेर ल्याइएको अध्यादेशलाई संवैधानिक वैधता दिन नमिल्ने सिद्धान्तका आधारमा अन्तरिम आदेश जारी गरेको सर्वोच्च अदालतले भनेको छ । सरकारले अध्यादेशमार्फत् नागरिकता कानुन संशोधन गरी जन्मसिद्ध नागरिकका सन्तानलाई आमा र बाबु दुवैको नागरिकता देखाए वंशजको नागरिकता दिने र आमाको नामबाट मात्र नागरिकता दिन बाबुको पहिचान नभएको स्वघोषणा गर्नुपर्ने व्यवस्था गरेको थियो । मन्त्रिपरिषदले अध्यादेश ल्याएर नागरिकतासम्बन्धी नियमावलीसमेत जारी गरिसकेको थियो । संसद नभएका बेला सरकारले अत्यावश्यक कानुन अध्यादेशमार्फत् ल्याउन पाउने संवैधानिक व्यवस्था छ । उक्त व्यवस्था सरकारले दुरूपयोग गरेको भन्दै संवैधानिक इजलासले यसलाई कार्यान्वयन नगर्न भनेको छ । पहिले प्रतिनिधिसभा विघटन गरी त्यसको भोलिपल्ट अध्यादेश जारी गर्ने कार्यलाई सर्वोच्चले 'विधायिकाको अधिकारमा हस्तक्षेप' ठानेको छ । 'अघिल्लो दिन संसदको प्रतिनिधिसभा विघटन भएको र लगत्तै भोलिपल्ट अध्यादेश जारी गरिएको देखिँदा यस प्रकारको अभ्यासलाई सहज, सामान्य वा नियमित अभ्यासका रूपमा लिइयो भने संविधानप्रदत्त विधायिकाको अधिकार वा कार्यक्षेत्रमा हस्तक्षेप हुन पुग्ने र शक्ति पृथकीकरणको सिद्धान्तअनुकूल व्यवस्थित संविधानका प्रावधानहरूको प्रयोग वा कार्यान्वयनमा अनुचित असर पर्न जाने देखिन्छ,' संवैधानिक इजलासले भनेको छ ।

सर्वोच्चले कानुन निर्माण गर्ने अधिकार विधायिका (संसद) मा निहित रहेको सम्झाउँदै संसद नरहेको अवस्थामा तत्काल केही गर्न आवश्यक परे सीमित अवधिका लागि मात्र सरकारले अध्यादेश ल्याउन पाउने अभ्यास रहेको बताएको छ । 'अध्यादेश जारी गर्ने कुराका सीमा बन्देजहरू छन् । संविधानद्वारा निर्धारित सीमा बन्देज नाघेर अध्यादेश जारी गर्न मिल्दैन । शासकीय सुविधा वा अमुक राजनीतिक उद्देश्य प्राप्तिका लागि विधायिकालाई छलेर अध्यादेश जारी गर्दा त्यसबाट विधायिकाको अधिकार र प्रभावकारितामा अनुचित हस्तक्षेप गरेको अवस्था पैदा हुन सक्छ,' संवैधानिक इजलासले भनेको छ, 'विधायिका छल्ने उद्देश्यले जारी गरिएको अध्यादेशलाई छद्म विधायन मानिन्छ र त्यस प्रकारको अध्यादेशले संवैधानिक वैधता प्राप्त गर्न सक्दैन भन्ने कानुनी सिद्धान्त रहिआएको छ ।'

सरकारले अध्यादेशबाट नागरिकतासम्बन्धी कानुन संशोधन गरेको थियो । सर्वोच्चको संवैधानिक इजलासले भने नयाँ विषय थप्नुपर्ने वा ऐन परिमार्जन गर्नुपर्ने भए व्यवस्थापिकाबाटै गर्नुपर्ने सम्झाएको छ । नागरिकतासम्बन्धी विषयमा यो अध्यादेश ल्याउनुपर्ने तत्काल आवश्यक नभएको संवैधानिक इजलासले भनेको छ । नागरिकता दिन नयाँ विषय थप्नुपर्ने वा भइरहेको ऐन परिमार्जन गर्नुपर्ने भए व्यवस्थापिकाबाट निर्मित कानुनका आधारमा नियमित र व्यवस्थित गरिनुपर्ने संवैधानिक इजलासले सम्झाएको छ । नगरिकतासम्बन्धी ऐन २०६३ लाई नयाँ संविधान अनुकूल बनाउने अध्यादेश विघटित संसदमा विचाराधीन छ । उक्त विधेयक पारित हुने वा नहुने निर्णय गर्न बाँकी नै रहेको अवस्थामा अहिले अध्यादेश किन आवश्यक पऱ्यो भनेर सरकारले चित्तबुझ्दो कारण दिन नसकेको संवैधानिक इजलासको आदेशमा उल्लेख छ ।

'ऐन संशोधनका लागि २०७५ सालमा विधेयक तर्जुमा भई संघीय संसदको माथिल्लो सदन राष्ट्रियसभाबाट संशोधन विधेयक पारित भई प्रतिनिधिसभामा पठाइएको र सो विधेयक हालसम्म पारित भइनसकेको भन्ने तथ्यसमेत प्रस्तुत हुन आएका छन्,' इजलासले भनेको छ, 'यसरी करिब तीन वर्षअघिदेखि संसदमा विधेयक विचाराधीन रहेको र त्यसलाई पारित गर्ने वा नगर्ने विषयमा कुनै निर्णय भइनसकेको नागरिकतासम्बन्धी विषयमा तत्काल के कारणले आवश्यक परेर अहिले अध्यादेश जारी गर्नुपरेको हो भन्ने सम्बन्धमा कुनै चित्तबुझ्दो कारण प्रत्यर्थीहरूका तर्फबाट प्रस्तुत हुन आएको छैन ।' अहिले अध्यादेश ल्याउने र पछि संसदबाट पारित नहुने अवस्था आयो भने झन् जटिलता पैदा हुने भन्दै इजलासले व्यवस्थापिका संसदबाटै नागरिकता कानुन व्यवस्थित गर्न भनेको छामधेसी दल र महिलाले उठाउँदै आएका मुद्दा संबोधन हुने भनी ल्याएको अध्यादेशले सरकारलाई नै रक्षात्मक बनाएको छानागरिकताको समस्या हल नगरी बल्झाउदै जाँदाको परिणाम हो ।

## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : झमेला बढ्ने | तुला | : व्यापारमा लाभ |
| वृष | : मन चञ्चल | वृश्चिक | : सत्कार मिल्नेछ |
| मिथुन | : शत्रुको भय | धनु | : शारिरीक झमेला |
| कर्कट | : मानसिक तनाब | मकर | : सम्मान मिल्नेछ |
| सिंह | : आर्थिक समस्या | कुम्भ | : सहयोग मिल्नेछ |
| कन्या | : कार्यमा सफलता | मीन | : अप्रत्यसित लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत, माटो हेर्नका लागि सम्झनुहोस् ।

# पेन्सन लिन सकस

पोखरापत्र संवाददाता
लमजुङ, २७ जेठ

कोरोना सङ्क्रमणका कारण जारी निषेधाज्ञामा सेवाग्राहीको भीड हुँदा सेवा निवृत्त कर्मचारीलाई पेन्सन लिन सकस भएको छ । लमजुङ बेंसीशहरको राष्ट्रिय बाणिज्य बैंक शाखामा एकै चोटी ठूलो भीडभाडमाकोरोना सङ्क्रमणको जोखिम मोलेर पेन्सन लिनुपर्ने बाध्यता भएको छ ।

सेवा निवृत्त शिक्षक लेखनाथ शर्माले भीडभाडले जोखिम उच्च रहेकाले डराई डराई पेन्सन लिन बस्नुपरिरहेको र निषेधाज्ञा जागिर खानुभन्दा पनि पेन्सन लिन बढी सकस भएको धारणा राख्नुभयो । पूर्व प्रहरी हवल्दार शन्तबहादुर गुरुङ भन्नुहुन्छ, "कोरोना सङ्क्रमणका बेला कम भीडभाड हुन्छ होला भनेर पेन्सन लिन आएको, यहाँ त ठूलो भीडभाड पो रैछ ।" त्यस्तै, कमल लोहनी, रामबहादुर रावल लगायतले सरकारले व्यवस्थित रूपमा पेन्सन वितरणको व्यवस्था गरेको भए यस्तो समस्या भोग्नु नपर्ने धारणा राख्नुहुन्छ ।

राष्ट्रिय वाणिज्य बैंकका शाखा प्रमुख सोमनाथ पौडेलले पहिला दुई वटा काउन्टर मात्र सञ्चालन गर्दै आएपनि अहिले ६ वटा काउन्टरबाट पेन्सन लिन आएकालाई सेवा प्रवाह गरिरहेको र यस्तो भीड आगामी आइतबारसम्म पनि हुन सक्नेछ भन्नुभयो । यहाँबाट पेन्सन लिने २ हजार २०० जना रहेको राष्ट्रिय बाणिज्य बैंकले जनाएको छ । बैंकका अनुसार निषेधाज्ञाका कारण हप्तामा आइतबार र बिहिबार मात्र बैंक खुल्दा यहाँका कर्मचारीलाई एक हप्ताको काम एक दिनमै गर्नुपर्ने बाध्यता भइरहेको छ । यहाँको भीड बैंकले व्यवस्थापन गर्न नसकेपछि प्रहरी समेत परिचालन गरिएको थियो ।प्रमुख जिल्ला अधिकारी होमप्रसाद लुईंटेलले पेन्सन लिन आएको तथा अन्य सेवाग्राहीका लागि सामाजिक दुरी कायम गर्न बैंकहरूलाई निर्देशन दिएको बताउनुभयो । तर सेवाग्राहीहरूको भीडभाड अलिअलि भने स्वभाविक हुने तर्क उहाँको छ ।

# माछा मार्न गएका व्यक्ति चार दिनदेखि बेखबर

पोखरापत्र संवाददाता
तनहुँ, २७ जेठ

त्रिशूली नदीमा माछा मार्न गएका यहाँका एक व्यक्ति चार दिन बितिसक्दा पनि घर नफर्किएपछि परिवारजन चिन्तित भएका छन् ।

आँबुखैरेनी गाउँपालिका-४ स्थित पूर्वेबेंसी निवासी २३ वर्षीय चिरन गुरुङ घर नफर्किएपछि परिवारजन चिन्तित भएका हुन् । यही जेठ २३ गते साँझ ८:०० बजेको समयमा माछा मार्न भनी हिँडेका गुरुङ घर नफर्किएको इलाका प्रहरी कार्यालय आँबुखैरेनीले जनाएको छ । गुरुङ घर नफर्किएपछि सोमबारदेखि आफन्तका साथमा खोजी गरे पनि भेट्टाउन नसकिएको इलाका प्रहरी कार्यालयका प्रहरी निरीक्षक विकास थापाले जानकारी दिनुभयो । वर्षायाम भएकाले नदीले बगायो कि भनेर खोजी गर्दै जाँदा नदी किनारमा निजले लगाएको चप्पल, कपडा, माछा मारेर राख्ने भाँडोलगायतका सामग्री भेट्टिएकाले बगाएको आशंका गरिएको उहाँले बताउनुभयो ।

# निषेधाज्ञाको समयमा २०० लैङ्गिक हिंसा

रासस
काठमाडौं, २७ जेठ

कोरोना सङ्क्रमणका कारण सरकारले गरेको निशेषधाज्ञाको एक महिनाको समयमा देशभर २०० लैङ्गिक हिंसाका घटना घटेका छन् ।

विश्वका विभिन्न मुलुकसहित नेपालमा पनि नयाँ भेरियन्टसहितको दोस्रो चरणको कोरोना सङ्क्रमणका कारण जारी निषेधाज्ञाको एक महिनाको अवधिमा महिला पुनःस्थापना केन्द्र (ओरेक) नेपालले गरेको अनुसन्धानमा २०० लैङ्गिक हिंसाका घटना घटेका हुन् । केन्द्रका अनुसार लैङ्गिक हिंसाका २०० घटनामध्ये २४ प्रतिशत अर्थात (४७ जना) महिला तथा बालबालिकामाथि यौनिक हिंसाका घटना घटेका छन् । केन्द्रका कार्यकारी निर्देशक लुभराज न्यौपानेले सिङ्गो मुलुक कोरोना महामारीतर्फ लक्षित भइरहँदा महिला तथा बालबालिकामाथि हत्या, यौनशोषण र बलात्कारजस्ता घटना घटिरहेको बताउनुभयो ।

केन्द्रका अनुसार यसै सातामात्र तीनवटा यौनजन्य हिंसाका घटना घटेका छन् । सुर्खेतको गुर्भाकोट गाउँपालिका-९ मा एक किशोरीमाथि मञ्जुरीबिना मदिरा सेवन गरी यौन दुर्व्यवहार गरेको, बाँकेकी २२ वर्षीया महिलाको दाइजोमा मोटरसाइकल नपाएको निहुँमा परिवारकै सदस्यबाट हत्या भएको घटना छन् । यस्तै लमजुङको राइनास नगरपालिका-९ मोहोरियास्थित विद्यालयमा अध्यापन गर्ने शिक्षकले १४ वर्षीय एक किशोरीलाई पटकपटक बलात्कार गरेको घटना सार्वजनिक भएको छ । उक्त घटनालाई कमजोर बनाउन किशोरीलाई नै विभिन्न लाञ्छना लगाएर दोषी देखाई प्रहरीमा समेत उजुरी दर्ता गर्न अवरोध आएको केन्द्रले जनाएको छ । महिला र बालबालिकामाथि विभिन्न समयमा लैङ्गिक तथा यौन हिंसा भए पनि घटनालाई लुकाउनका लागि अनेक बहाना देखाउँदा न्याय प्राप्तिमा समस्या देखिएको सो केन्द्रले जनाएको छ ।

गम्भीर प्रकृतिका मानव अधिकार हननका घटना दर्ता, अनुसन्धान प्रक्रियालाई प्रभावकारी बनाई महिलाको मानव अधिकारको सम्मान र संरक्षण गर्दै हिंसा प्रभावितको न्याय प्राप्तिको अधिकार सुनिश्चित गर्न ओरेकले सम्बन्धित निकायसँग आग्रहसमेत गरेको छ ।

# अस्पताल आउने संक्रमित आधा घटे

– रामबहादुर थापा
बागलुङ, २७ जेठ

महिना दिनअघि धवलागिरि अस्पतालको अवस्था अत्यासपूर्ण थियो । कोरोना सङ्क्रमितले भरिभराउ आइसोलेशन शय्या । अक्सिजनको चरम अभाव । 'आइसीयू'मा गम्भीर बिरामीको चाप । दैनिकजसो सङ्क्रमितको मृत्यु ।

अस्पतालको दृश्य देख्दा लाग्थ्यो जिल्लामा कोरोना सङ्क्रमणको अवस्था भयावहउन्मुख छ । अहिले स्थितिमा क्रमिक सुधार आएको देखिन्छ । सङ्क्रमणपछि अस्पताल आउनेको सङ्ख्या घटेको छ । गम्भीर बिरामी पनि कम छन् । "पछिल्लो एक सातायता अस्पतालमा आधा सङ्क्रमित घटेका छन्", प्रमुख चिकित्सक शैलेन्द्र विक पोखरेलले भन्नुभयो, "दैनिक ३५/४० जनासम्मलाई आइसोलेशनमा राखेर उपचार गर्नुपर्थ्यो, अहिलेको सङ्ख्या १५/२० को हाराहारी छ ।" बुधबार भने जम्मा १३ सङ्क्रमित अस्पतालमा उपचारत छन् । तीमध्ये 'आइसीयू'मा दुई जना छन् । गम्भीर बिरामी घटेपछि उक्त कक्षमा पनि चाप कम छ । तीन 'आइसीयू' शय्या अहिले खाली छन् । "वैशाख अन्तिमदेखि जेठ दोस्रो सातासम्म कठिन अवस्था झेल्यौँ", प्रमुख चिकित्सक पोखरेलले भन्नुभयो, "अहिले केही सहज छ, सङ्क्रमण र मृत्युदर पनि घट्दो क्रममा छ ।"

रोकथाम तथा नियन्त्रणका उपाय नअपनाउने र जनसाधारणले पनि स्वास्थ्य मापदण्ड पालना नगर्ने हो भने पुनः सङ्क्रमण बढ्न गई अवस्था बिग्रने उहाँको भनाइ छ । अस्पतालले सम्भावित तेस्रो सङ्क्रमणलाई ध्यानमा राखेर पूर्वाधार र व्यवस्थापकीय तयारीका कामलाई अघि बढाएको छ । बालबालिकाका लागि छुट्टै आइसोलेशनकक्ष बनाउन गण्डकी प्रदेश सरकारलगायत सरोकार भएका पक्षसँग समन्वय गरिएको अस्पताल व्यवस्थापन समितिका अध्यक्ष केवी राना मगरले बताउनुभयो । अस्पताललाई थप मानव संशाधन, चिकित्सा उपकरण/सामग्रीसहित भौतिक संरचनाको खाँचो रहेको उहाँको भनाइ छ । न्यून चिकित्सक, स्वास्थ्यकर्मी र प्राविधिकका भरमा अस्पताल महामारीसँग सङ्घर्षरत छ । उपप्रादेशिक तहको अस्पताल भएर पनि स्रोत साधनको कमी छ । कोरोनाको दोस्रो लहरयता अक्सिजनको अभाव व्होरेको यस अस्पतालमा अक्सिजन प्लान्ट निर्माणका लागि प्रक्रिया थालिएको छ ।

स ङ ्घ सरकारको लगानीमा बन्ने प्लान्टका लागि बोलपत्र टुङ्गिइसकेकाले अब सम्झौता हुन मात्र बाँकी छ । डेढ सय जति अक्सिजन सिलिण्डर पनि जोहो गरिएको अध्यक्ष रानामगरले बताउनुभयो । आउने जुनसुकै अवस्थाका लागि अस्पताललाई तयारी हालतमा राख्नुपर्ने उहाँको भनाइ छ । सङ्क्रमणको चक्र तोड्न अहिले गाउँगाउँमा एन्टिजेन परीक्षण भइरहेको छ । जसका कारण परीक्षणको दायरा पनि बढेको छ । स्वास्थ्य कार्यालयका अनुसार जिल्लामा सक्रिय सङ्क्रमितको सङ्ख्या झण्डै एक हजार छ । नौ सय बढी सङ्क्रमित होम आइसोलेशनमा छन् । लक्षणले च्याप्दै गएर स्वास्थ्यमा समस्या देखिएका सङ्क्रमित मात्र अस्पताल आउने गरेका छन् । अस्पताल आएकामध्ये पनि अधिकांश सामान्य उपचारबाट निको हुन्छन् । श्वासप्रश्वासमा समस्या आइ बिरामीको अवस्था गम्भीर बनेमा 'आइसीयू' र भेण्टिलेटरमा राखेर उपचार गरिन्छ । हालसम्म यहाँका चार हजार बढीमा कोरोना सङ्क्रमण पुष्टि भइसकेको छ । यहाँ कोरोनाका कारण ४६ जनाले ज्यान गुमाएका छन् ।

# संक्रमितको सहयोगका लागि खट्दै म्याग्दीका युवा

– ध्रुवसागर शर्मा
म्याग्दी, २७ जेठ

एक नगरपालिका र पाँच गाउँपालिका रहेको म्याग्दीका प्रत्येक प्रायः बस्तीमा कोरोना भाइरस सङ्क्रमितहरू छन् । बेनी अस्पतालमा उपचारका लागि ल्याइने सङ्क्रमितहरूको बढ्दै गएपछि शुरुमा त यहाँका चिकित्सक, स्वास्थ्यकर्मी, कर्मचारी, स्वयंसेवी र बिरामीका आफन्तहरू समेत आत्तिने गरेका थिए ।

सङ्क्रमितको नजिक जान र सहयोग गर्न आफन्तहरू नै आँट गर्न सक्दैनन् । मनमा माया भएपनि आफैलाई सङ्क्रमण सर्ने डरले सकेसम्म उनीहरू पन्छिनु स्वभाविकै हो । सङ्क्रमणकै कारण मृत्यु भएकाहरूको अन्त्येष्टी संस्कार हिम्मत भएका केही परोपकारी व्यक्तिहरूको सहयोगमा हुँदै आएको छ ।

कोरोना सङ्क्रमितहरूको सहयोग र उद्धारमा खटिएका म्याग्दीका केही युवाहरूको कार्य देख्दा म्याग्देलीमात्र होइन पर्वत र बागलुङबासी पनि उत्प्रेरित छन् । सङ्कटका समयमा यहाँका युवाहरू सुरज केसी, आनन्द रिजाल र जनक सोनामको कार्यको सर्वत्र सराहना गरिएको छ । पेशाले केसी शिक्षक, विद्यालय सञ्चालक र रेडक्रसकर्मी हुनुहुन्छ । रिजाल जिल्ला प्रशासन कार्यालयमा सवारी चालक हुनुहुन्छ भने सोनाम बेनी अस्पतालमा करारका कर्मचारी हुनुहुन्छ । बेनीको माउण्ट एभरेष्ट आवसीय माविका स्वास्थ्य र पत्रकारिता विषयका शिक्षक केसीसहित यी तीनजना युवाको उदात्त कार्यले जिल्लावासीको मन जितेको छ । उहाँहरू बिहान उज्यालो भएदेखि राती १२/१ बजेसम्म कोरोना सङ्क्रमितहरूको सेवा, सहयोग र सङ्क्रमित भएकै अवस्थामा मृत्यु भएका व्यक्तिहरूको शव व्यवस्थापनमा खट्नुहुन्छ । "अहिलेसम्म २० वटा शवको व्यवस्थापना गरिसकेका छौं, अस्पतालको शय्यामा मृत्यु भएमा नजिक रहेका बिरामीहरूको समेत आत्मबल कमजोर हुने भएकाले हामीले म्याग्दी रेडक्रसले उपलब्ध गराएका स्वास्थ्य सुरक्षाका साधनहरूको प्रयोग गरेर सबैभन्दा पहिला मृतकलाई शय्याबाट बाहिर निकाल्छौं" केसीले भन्नुभयो- "त्यसपछि मृतकका आफन्तहरूको इच्छाअनुसार दाह (जलाउने) वा स्काभेटरको सहयोगले कालीगण्डकी नदीको छेउमा खाल्डो खनेर अन्त्येष्टि संस्कारको औपचारिकता पूरा गर्दछौं ।"

"कतिपय सङ्क्रमितका आफन्तहरू बिरामीको नजिक जान र बिरामीलाई हेर्न नै डराउनुहुन्छ, त्यस्तो अवस्थामा बिरामीलाई चाहिने सम्पूर्ण कुराहरू हामीले उपलब्ध गराउनुका साथै होम आइसोलेशनमा रहनुभएका सिकिस्त अवस्थाका सङ्क्रमितहरूलाई लिन गाडी लिएर उहाँहरूकै घरमा जाने गरेका छौं" सङ्क्रमितको सहयोग र व्यवस्थापनमा खटिनुभएका अर्का स्वयंसेवक आनन्द रिजालले भन्नुभयो । स्वास्थ्य सावधानी अपनाएर सङ्क्रमित अवस्थामा जीवनरक्षा र सङ्क्रमित अवस्थामा मृत्यु भएकाहरूको व्यवस्थापनमा लागि जुनसुकै बेला सहयोग गर्न तत्पर रहने यी तीन जना युवाहरूका कारण सङ्क्रमितको उपचार र व्यवस्थापनमा अस्पताललाई निकै सहज भएको बेनी अस्पताल विकास समितिका अध्यक्ष बेलबहादुर कटवालले बताउनुभयो ।

"उँहाहरूको कामले हामीलाई निकै सहयोग मिलेको छ, स्वाब सङ्कलन गर्नेदेखि लिएर अस्पतालमा उपचारत सङ्क्रमितहरूको रेखदेख, सङ्क्रमितका आफन्तहरूलाई उचित परामर्श र सङ्क्रमित अवस्थामा मृत्यु भएकाहरूलाई नजिकको सङ्क्रमितको मनोबल कमजोर नहोस् भनेर थाहा नहुने गरी ठाउँ परिवर्तन गर्दै शव व्यवस्थापनसम्म उहाँहरू नै खट्नुभएको छ ।" अध्यक्ष कटुवालले भन्नुभयो "उहाँहरूको सेवा र सहयोगको जति प्रसंशा गरेपनि कम नै हुन्छ ।" बेनी अस्पतालका डा. नवराज बस्ताकोटीले उँहाहरूको खटाइबाट आँफू निकै प्रभावित भएको बताउनुभयो । डा. बस्ताकोटीले भन्नुभयो "यो एउटा अदृश्य शत्रु (भाइरस) सँगको प्रत्यक्ष लडाई हो । यस लडाईका योद्धा हामी सबै हौं । विशेष गरी उपचारका क्रममा हामीलाई निकै सहज भएको छ । उपचार बाहेक अरु कुनै कुरा हामीले हेर्नु परेको छैन । सबैकाम उहाँहरू (सुरज केसीको टिम) बाट भएको छ ।" छिमेकी जिल्ला पर्वतको लेकफाँटबाट उपचारका लागि बेनी अस्पतालमा आउनुभएका गोकर्ण सुवेदीले अस्पतालको सेवा र चिकित्सकहरूको व्यवहार देखेर आफूलाई निकै खुशी लागेको बताउनुभयो । "सरकारी अस्पतालमा उपचारै हुदैन, डाक्टरहरूले बिरामीको ध्यान नै दिँदैनन् भन्ने सुनिन्थ्यो तर बेनी अस्पतालमा भने मैले त्यस्तो पाइन" सुवेदीले भन्नुभयो "यहाँ त बिरामीको सेवामा चिकित्सकहरू जुनसुकै समयमा पनि तत्पर हुनुहुँदोरहेछ । साथी जस्तो व्यवहार, हसिलो अनुहार र बिरामीलाई हेरेक समय परामर्श दिनुहुन्छ ।" बेनी अस्पतालको व्यवस्थापकीय पक्ष अत्यन्तै राम्रो रहेको आफूले पाएको उपचारका लागि अस्पतालमा आउनुभएको प्रकाश माध्यमिक विद्यालय बेनीका पूर्व प्रधानाध्यापक शिवकुमार केसीले बताउनुभयो ।

कर्तव्यपरायण एम्बुलेन्स चालक म्याग्दीका गोपी गौतम र केशर शेरपुञ्जाले त ३६ घन्टासम्म पानीमात्र पिएर सङ्क्रमितको सेवा गर्नुभएको छ । "मैले ३६ घण्टासम्म पानी मात्र खाएर पनि एम्बुलेन्स कुदाएको छु । खान खाने समय नै मिल्दैन । बाटोमा हामीलाई देखेर होटलवालाले पनि ढोका बन्द गरे । पानीको भरमा बिरामी राखेर एम्बुलेन्स काठमाडौंसम्म पुऱ्याएको छु" बेनी अस्पतालको एम्बुलेन्स चालक गौतमले भन्नुभयो । "कैयौं दिनसम्म पनि राम्रोसँग खान र सुत्न पाइन । निद्रा पनि नभनि एम्बुलेन्स हाँक्नुपर्दथ्यो । साह्रै निद्राले च्यापेर निद्रा भगाउन एकदिन त लगाएको कपडा समेत पानीमा भिजाएर चिसो बनाई लगाइयो" रेडक्रस म्याग्दीको एम्बुलेन्स चालक केशर शेरपुञ्जा मगरले अनुभव सुनाउनुभयो,"यस्तो त यो बीचमा धेरै पटक भोगें ।"

बेनी अस्पतालले पोखरा र काठमाडौंका अस्पतालमा रिफर गरेका बिरामीहरूलाई बोक्ने काम यी एम्बुलेन्स चालकहरूले गरे । अक्सिजनसहितको व्यवस्था भएका यी दुई एम्बुलेन्स बिरामीको सेवाका लागि चौबीसै घण्टा कुदे । यस्तै कर्तव्यपरायण र परोपकारी व्यक्तिहरूको मद्दतले अहिले म्याग्दीमा कोरोना सङ्क्रमण घट्दै गएको छ । गत सोमबारसम्म म्याग्दीमा चार हजार आठ सय ६४ जनाको नमूना सङ्कलन भएको स्वास्थ्य कार्यालय म्याग्दीले जनाएको छ । जिल्लामा सक्रिय सङ्क्रमितको सङ्ख्या दुई सय १२ रहेको छ भने दुई हजार तीन सय ५० जना उपचारपछि निको भएर घर फर्किएका छन् । त्यसैगरी कोभिडकै कारण जिल्ला भित्र ३३ र जिल्ला बाहिरका विभिन्न अस्पतालमा गरी गएको सोमबारसम्म ४९ जनाको मृत्यु भएको स्वास्थ्य कार्यालय म्याग्दीले जनाएको छ ।

# विपद् व्यवस्थापनको पूर्व तयारी

पोखरापत्र संवाददाता
मनाङ, २७ जेठ

बङ्गालको खाडीमा विकसित भएको जलवायुको प्रभाव र शक्तिशाली चक्रवात पश्चात् अहिले मनसुन पनि शुरु भइसकेको छ। मनसुन शुरु भएसँगै राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले वर्षामा हुनसक्ने सम्भाव्यताको न्यूनीकरणमा जुटेको छ।

जिल्लावासीलाई सुरक्षित र विपद् न्यूनीकरणका लागि मनाङ जिल्ला विपद् व्यवस्थापन समितिले पनि पूर्वतयारी थालेको छ। वर्षाको समयमा बाढी पहिरो जस्ता प्राकृतिक विपद् आइपर्ने हुँदा जोखिम न्यूनीकरणको पूर्वतयारी थालिएको प्रमुख जिल्ला अधिकारी विष्णुप्रसाद लामिछानेले बताउनुभयो। "प्राकृतिक विपद्बाट जिल्लामा धेरै क्षति हुनबाट जोगाउनका लागि पूर्वतयारी थालिसकेका छौँ', लामिछानेले भन्नुभयो। उहाँका अनुसार राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले यस वर्ष वर्षायाममा बढी जोखिम हुनसक्ने पूर्वानुमान गरिसकेकोले सचेत हुनुपर्ने भन्दै तयारी थालेको हो। प्राधिकरणको निर्देशनअनुरूप यसपालि यस अवधिमा बढी वर्षा हुनसक्ने भएकाले बाढी, पहिरोको घटनाको प्रतिकार्यका लागि जिल्लाभित्रका चार वटै गाउँपालिकासँग समन्वय गरेर तयारी थालिएको उहाँले बताउनुभयो। "विपद्को अवस्थामा उद्धारमा खट्ने जनशक्ति तयार भइसकेको छ, वर्षायाम शुरु भइसकेको छ, उद्धारमा खटिने जनशक्तिलाई विश्वव्यापी फैलिएको कोभिड-१९ बाट जोगाउनुपर्ने अवस्था छ, उनीहरुलाई स्वस्थ कसरी राख्ने भन्ने चुनौती थपिएको छ", उहाँले भन्नुभयो। विगतमा भन्दा हाल स्थानीय सरकारलाई बढी स्वामित्व हस्तान्तरण भएकाले पालिकाहरु सचेत हुन आवश्यक रहेको उहाँको भनाइ छ। त्यसका लागि स्थानीय तहसँग समन्वय, सहकार्यका लागि अद्यावधिक भएको उहाँले बताउनुभयो। अहिले विपद् व्यवस्थापन गर्ने पहिलो पक्ष स्थानीय सरकार भएकोले पालिकाहरुले विपद्को पूर्वतयारीका काम गरिरहेको उहाँले बताउनुभयो। विपद्मा उद्धारमा खटिने जनशक्तिका लागि कोरोना विरुद्धको खोपको व्यवस्थापन गर्नेबारे सम्बन्धित स्थानीय तहमा छलफल भइरहेको पनि उहाँले जानकारी दिनुभयो। प्राधिकरणले यसपालिको वर्षायाममा धेरै पानी पर्ने पूर्वानुमान गरिसकेकाले हिमाली जिल्लाहरुमा बढी क्षति हुनसक्ने भन्दै सबै स्थानीय तहले सतर्कता अपानएका छन।

यस्तै जिल्लाका चार वटै स्थानीय तहले जोखिमयुक्त क्षेत्रको पहिचान गरी व्यवस्थापनमा लागिपरेको नासों गाउँपालिकाका अध्यक्ष चन्द्र घलेले बताउनुभयो। "आमनागरिकको जीवन रक्षाका लागि गाउँपालिका सचेत छ", घलेले भन्नुभयो। बङ्गालको खाडीमा विकसित भएको जलवायुको प्रभाव र शक्तिशाली चक्रवातले यही जेठ १४ गते आएको बाढीले एक पालिका र अर्को पालिका बीचको आवतजावतमा समेत समस्या सिर्जना गरिसकेको उहाँले बताउनुभयो। त्यस्ता समस्या दोहोरिन नदिनेतर्फ पनि पालिकाहरु सचेत भएको चामे गाउँपालिकाका अध्यक्ष लोकेन्द्रबहादुर घलेले बताउनुभयो। "औषधिलगायत अत्यावश्यक सामग्री ढुवानीका लागि समस्या भइरहेकाले पालिकाहरु बीच छलफल गरी दबाब दिइरहेका छौँ, तर काम पूरा भएको छैन", उहाँले भन्नुभयो।

# पाइँदैनन् खेताला, चल्न छोड्यो अर्मपर्म

–तारानाथ आचार्य
बागलुङ, २७ जेठ (रासस)

'गर्न आउ है अर्म र पर्म
सबै विदेश कोही छैन गाउँघरमा
बर्खा लाग्यो…झ्याउँकिरी बास्न थाल्यो, भ्यागुता करायो, हाम्रो भेट हरायो…'

यो वर्षको बर्खा पनि घरदैलोमै आयो। गाउँ छेवैको जङ्गलमा झ्याउँकिरी आवाजले साँझ परेको सङ्केत गर्छ। रातभरि भ्याकुताको ट्वार ट्वार तथा झ्याउँकीरी र भ्याकुताले समयको लय त समाते तर त्यही समयको लयमा चल्नुपर्ने किसानलाई भने गाउँ छोडेका युवाका कारण समस्यामा छ।

विष्णु खत्रीले केही वर्षअघि बजारमा ल्याएको यो गीतले नेपाली समाजको चित्रण गर्छ। कोरोना महामारीको पहिलो लहर चल्ने समयमा भरिभराउ भएका बागलुङका गाउँहरुले दोस्रो लहरको समयमा भने उत्साह भर्न पाएनन्। पहिलो लहर चल्दा विदेशमा भएका युवा र देशकै ठूला शहर पसेकाहरु गाउँ फर्किएका थिए। गाउँमा छुट्टै खालको उत्साह थियो। गत वर्षको बर्षायाम शुरु हुनुपूर्व चलेको पहिलो लहरले गाउँघरमा बर्खे खेती गर्न सघायो। कारण गाउँमा युवाको जमात थियो।

गीतमा भनिए जस्तै अर्मपर्म चल्ने गाउँ अहिले खाली छन्। सबै युवा विदेश भएकाले गाउँमा खेताला, खेताली पाउनै मुस्किल छ। अर्मपर्म त एकादेशको कथा जस्तै हुन थाल्यो। "धान रोप्न खेतालाको जोहो एक महिना अघिबाटै गर्नुपर्छ, नत्र समयमा रोपाइँ गर्नै सकिँदैन", जैमिनी नगरपालिका-१० राङ्खानीका डिलप्रसाद पौडेल भन्नुहुन्छ, "पर्मको कुरा छाडौँ, ज्यालामा काम गर्ने पनि पाउनै मुस्किल छ, युवा विदेश छन्, कसले गर्ने दुःख ?" गाउँमा बसेका केही युवाका पनि आफ्नै व्यावसायिक फार्महरु छन्। कसैले कुखुरा पालेका छन्, कसैले गाईभैँसी, बाख्रा र तरकारी तथा नगदेबाली। व्यावसायिक बनेका युवाले सिजनको खेतीका लागि समय दिन नसक्ने किसानहरु बताउँछन्। "धान रोप्ने बेला भयो, खेतला पाइँदैनन्, पाएका पनि महँगा छन्", बागलुङ नगरपालिका-१४ नारायणस्थानका किसान केशव सुवेदी भन्नुहुन्छ, "सिजनको खेती गर्न कठिन भइसक्यो।" पछिल्लो समय आएको प्रविधिले किसानलाई सघाएको छ तर बर्खे खेतीको समयमा भने प्रविधिको गतिसँगै चल्ने जनशक्ति पनि चाहिन्छ। एक हल गोरुले दिनभर लगाएर रोप्ने खेत अहिले मिनीपावर ट्रिलर (यान्त्रिक हलो)ले केही घण्टामै हिलाउँछ। सोहीअनुसार आली लगाउने, छेउकुना खन्ने र सम्याउने जनशक्ति चाहिने सुवेदी बताउनुहुन्छ। एक हल गोरुका पछि लाग्नेभन्दा दोब्बर खेताला मेसिनका पछि चाहिने उहाँको अनुभव छ। काम गर्ने जनशक्तिकै अभावले उर्वर जमीन बाँझिन थालेको किसानको गुनासो छ। बागलुङमा जेठदेखि नै रोपाइँ शुरु भइसकेको छ। गलकोट र जैमिनी नगरपालिकाका खोला छेउमा सिँचाइको अभाव नभएका खेतमा धमाधम रोपाइँ भइरहेको छ। रोपाइँ शुरु भए पनि जनशक्तिको भने चरम अभाव रहेको आदानप्रदान कृषि सहकारीका सचिव मित्र थापाले बताउनुभयो।

यहाँ दिनभरि काम गर्दा पाउने ज्यालाभन्दा विदेशमा हुने दैनिक कमाइ धेरै हुने भएकाले युवाहरु गाउँ बस्न नमान्ने थापाको अनुभव छ। सिजनमा मात्रै हुने खेतीपाती र खाली समयमा रोजगारी नहुँदा पनि युवाहरु गाउँमा अड्याउन नसकेको उहाँले सुनाउनुभयो। ठूला फाँट र एकैपटक धान रोप्ने समयमा सबैभन्दा बढी किसानलाई समस्या हुने गरेको छ।

# तालिम केन्द्र 'नेपाली सेना कृषि विज्ञान अध्ययन संस्थान'

–जनक श्रेष्ठ
लमजुङ, २७ जेठ (रासस)

नेपाली सेना, श्रीजंग गणले बेँसीशहर नगरपालिका वडा नं. १ स्थित उदिपुरमा रहेको बगालेगाउँमा व्यवासायिक कृषि तथा पशुपालन तालिम केन्द्र सञ्चालनमा ल्याएको छ।

विसं. २०७५ वैशाखदेखि सिटिइभिटीबाट मान्यता लिएर यस तालिम सञ्चालन आएको हो। वहालवाला, अवकाश प्राप्त सैनिक र उनीहरूका छोराछोरीलाई अध्ययन गराउँदै आइरहेको गणपति प्रमुख सेनानी जयराम थापाले बताउनुभयो। उहाँले भन्नुभयो," हामीले हालसम्म ८० जनालाई अध्ययन पूरा गराइसकेको र हाल ८० जना नै अध्ययनरत् छन्।" यस तालिम सञ्चालन गर्नुको मुख्यम उद्देश्य भनेको सैनिक अवकाश पश्चात् स्वदेशमै बसेर कृषि पेशामा केही गरोस् भन्ने रहेको उहाँको भनाइ छ।

आगामी भदौं महिनाबाट तालिम केन्द्रलाई रूपान्तरण गरेर 'नेपाली सेना कृषि विज्ञान अध्ययन संस्थान'लाई अघि बढाउँदै विएस्सीएजी अध्ययन गराउन लागेको गणले जनाएको छ। यस संस्थानमा सो अध्ययन गर्न सेनाको छोराछोरी, सर्वसाधरणका छोराछोरीलाई अध्ययन गराउने भएको छ। यस विषयका लागि १३० जना अध्ययन गर्न सक्नेछन्।

यहाँ यस विषयमा अध्ययन गराउन भौतिक पूर्वाधार निर्माण भइरहेको छ। यस आर्थिक वर्षको असारसम्म प्रशासनिक भवन, १४ जना शिक्षक आवास, प्रयोगशाला, लाइबेरी, छात्रावास लगायतका संरचना निर्माण सम्पन्न गर्नुपर्ने भएपनि कोभिडका कारण केही महिना लम्बिन पुगेको बताइएको छ। निर्माणको जिम्मा वुद्ध कन्ट्रक्सन कम्पनी प्रालि काठमाडौँले लिएको सेनाले जनाएको छ। सेनाका अनुसार आगामी साउन महिनासम्म यस संरचना निर्माण सम्पन्न गर्ने भएको छ। हालसम्म ८५ प्रतिशत निर्माण कार्य सम्पन्न भइसकेको छ। सेनाको सैनिक कल्याणकारी कोषको १३ करोड लगाउनीमा यहाँ सो भौतिक संरचना निर्माण, कृषि, जनावर पालनको सबै संरचना तथा कृषि र जनावरहरू राखिने प्रक्रिया अनुरूप अघि बढिरहेको प्रमुख सेनानी थापाले बताउनुभयो। उहाँका अनुसार चार सय रोपनी क्षेत्रफल रहेको र सोमध्ये २० प्रतिशतमा भौतिक पूर्वाधार, ५० प्रतिशतमा कृषि र ३० प्रतिशत क्षेत्रफलमा पशुपालन हुने भएको छ। हाल यहाँ बंगुर १५, गाइ १०, कुखुरा १००० वटा, बाख्रा १५ वटा राखिएको छ। त्यस्तै, कागति, कफि, चियापती लगायत विभिन्न प्रजातिका विरुवा ५ हजार ७०० रोपिएको छ। उहाँले भन्नुभयो, "हाल १० रोपनी क्षेत्रफलमा तरकारी खेती गरिएको छ। सेनाले यसरी तालिम केन्द्र सञ्चालन गरेको पहिलो पटक हो। आगामी दिनमा सरकारले ७ वटै प्रदेशमा समेत सञ्चालन गर्ने तयारीमा रहेको छ।" हालै निर्माणाधीन तालिम केन्द्रको भवनको अवस्था, विएप्सीएजी अध्ययनको सम्भावना के कस्तो छ, क्षेत्रफल के कति पर्याप्त छ भनेर निरीक्षण गर्नका लागि शिक्षा विज्ञान तथा प्रविधि मन्त्री कृष्णगोपाल श्रेष्ठ, प्रधान सेनापति पूर्णचन्द्र थापा, त्रिभूवन विश्वविद्यायका उपकुलपति प्राध्यापक डाक्टर धर्मकान्त बास्कोटा, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सचिव रामप्रसाद थपलिया लगायतका टोलिले निरीक्षण गर्नुभएको थियो। सो निरीक्षणका क्रममा मन्त्री श्रेष्ठले सबै पूर्वाधार कृषिमा राम्रो रहेको र अध्ययनका लागि समेत राम्रो हुने बताउनुभयो। साथै उहाँले विपद क्षेत्र लगायत विभिन्न क्षेत्रमामा राम्रो गरे झै यस कृषिमा पनि राम्रो गर्दै नमूना बनाउन उहाँले अनुरोध गर्नुभयो। त्यस्तै, प्रधान सेनापति थापाले भन्नुभयो, "सैनिकले यस संस्था सञ्चालन गरेर स्वरोजगार बनाउका लागि समाज र मुलुकलाई सहयोग पुग्ने अपेक्षाले अघि बढेको छ। यसले युवा विदेश जानबाट रोक्न ठुलो भूमिका निर्वाह गर्ने छ।"

# पिपलबोट-सेराफाँट सिँचाइ आयोजना पुनःनिर्माण

पोखरापत्र संवाददाता
म्याग्दी, २७ जेठ

बाढीले क्षति पुऱ्याएको जिल्लाको मङ्गला गाउँपालिका-५ स्थित पिपलबोट-सेराफाँट सिँचाइ आयोजना पुनःनिर्माण भएको छ।

विसं २०७७ असार-साउन महिनामा अर्मनखोलामा आएको बाढीले सिँचाइ आयोजनाको मुहान बगाएको थियो। खानेपानी, जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय म्याग्दीको सहयोगमा स्थानीयवासीले श्रमदान गरेर बाढीले बगाएको ठाउँमा छेकबाँध, पलम प्रविधिको पक्की पर्खाल र नहर निर्माण गरेका हुन्।

पिपलबोट-सेराफाँट सिँचाइ जलउपभोक्ता समितिका अध्यक्ष श्यामसुन्दर कडेलले मुहान र नहर पुनःनिर्माण कार्य सकेर पानी चलाइएको जानकारी दिनुभयो। "बाढीले नहर बगाएपछि सिँचाइको समस्या भएको थियो", उहाँले भन्नुभयो, "बाढीले कटान गरेको ठाउँमा नयाँ नहरका साथै पलम कङ्क्रिट पर्खाल र मुहानमा २९ थान ग्यावियन पर्खाल भएको छ।"

कोरोनाको जोखिम र नियन्त्रणका लागि गरिएको निषेधाज्ञाको असहज अवस्थाका बीच स्थानीय मजदुर परिचालन गरेर सिँचाइ आयोजना पुनःनिर्माण भएको हो। रोपाइँको तयारीमा रहेका कृषकहरुमा सिँचाइ आयोजना पुनःनिर्माण भएपछि खुसीयाली छाएको स्थानीय तुलसीराम सापकोटाले बताउनुभयो। बाढीले नहर बगाएपछि अस्थायीरूपमा पाइप राखेर पानी आपूर्ति गराइएको थियो। कार्यालयको रु ४८ लाख १७ हजार १९७ रुपैयाँ अनुदान र उपभोक्ताको रु पाँच लाख छ हजार ९३८ को लागतमा पुरानो नहर पुनःनिर्माणका साथै ६०० मिटर थप नयाँ नहर निर्माण भएको छ। यसैगरी पहिरोले नहर पुरिएपछि हाँडेभिर र काँसेबगर क्षेत्रमा सिँचाइका लागि पानी आपूर्ति गराउन १२० मिटर २८० एमएम र ५० मिटर २०० एमएमको पाइप जडान गरिएको छ।

आयोजनाबाट ५२ हेक्टर क्षेत्रफल जमिनमा बाह्रै महिना सिँचाइ सुविधा पुगेको खानेपानी, जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय म्याग्दीका इञ्जीनियर बालकृष्ण बुढाथोकीले जानकारी दिनुभयो। "विसं २०७७ पुसमा सम्झौता गरेको उपभोक्ता समितिले निर्धारित समयभित्रै निर्माण सकेको छ", उहाँले भन्नुभयो, "हाम्रो तर्फबाट अन्तिम किस्ता भुक्तानीका लागि स्थलगत नापजाँच सकेर मूल्याङ्कन अन्तिम चरणमा पुगेको छ।" विसं २०५५ मा निर्माण भएको आयोजनाको कच्ची नाली, पाइपमार्फत पानी ल्याएर वितरण गर्दा पर्याप्त पानी नआउने, पालो लगाएर सिँचाइ गर्नुपर्ने समस्या भएपछि विसं २०७५ मा एक हजार ५०० मिटर लामो नयाँ नहर निर्माण भएको थियो।

नयाँ नहर निर्माण र पुनःनिर्माण भएपछि आवश्यकता अनुसार पानी आपूर्ति भई खेतीबाली लगाउन सहज भएको सेराफाँटका गोविन्द पौडेलले बताउनुभयो। पिपलबोट र सेराफाँट धान, गहुँ र मकै खेतीको पकेट क्षेत्र हो। सिँचाइ सुविधा भएपछि कृषि उपजको उत्पादन बढ्ने भन्दै कृषक उत्साहित भएका छन्।

# खड्काका निधनमा पौडेलद्वारा दुःख व्यक्त

रासस
दमौली, २७ जेठ

नेपाली काङ्ग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले ब्रम्हाकुमारी राजयोग केन्द्र दमौलीका सचिव राजु खड्काको निधनप्रति दुख व्यक्त गर्नुभएको छ। खड्काको बुधबार काठमाडौमा उपचारका क्रममा निधन भएको थियो।

बिहीबार शोक वक्तव्य जारी गर्दै वरिष्ठ नेता पौडेलले दमौली र यस सेरोफेरोमा झण्डै डेढ दशकदेखि राजयोग तथा आध्यात्मिक सकारात्मक चिन्तनको क्षेत्रमा क्रियाशील रहेर प्रशिक्षण दिँदै आएका प्रशिक्षक एवं उर्जाशील युवा खड्काको निधन भएको खबरले अत्यन्तै मर्माहत बनाएको उल्लेख गर्नुभयो। "मीठो बोलीवचन, मिजास र एकदमै सरल स्वाभावका धनी राजुले दमौलीमा रहि आध्यात्मिक जीवन र राजयोगको शिक्षा विस्तारबाट असल समाज निर्माणमा पुऱ्याउनुभएको योगदान सबैका लागि प्रेरणादायी बनी हाम्रो स्मरणमा सदैव रहनेछ," पौडेलले भन्नुभयो।

# स्थानीय तहलाई स्वास्थ्य सामग्री हस्तान्तरण

पोखरापत्र संवाददाता
दमौली, २७ जेठ

कोभिड सङ्कटमा सामाजिक उत्तरदायित्व वहन गर्दै तनहुँ उद्योग वाणिज्य सङ्घले जिल्लाका विभिन्न पालिका, अस्पताल र सुरक्षाकर्मीलाई स्वास्थ्य सामग्री वितरण गरेको छ।

सङ्घले खडा गरेको कोभिड सङ्कट व्यवस्थापन महाअभियान अन्तर्गत रु दश लाख बराबरको सहयोग गरेको हो। सङ्घले रु तीन लाखबाट शुरुआत गरेको कोषमा हालसम्म रु ११ लाख सङ्कलित छ। देश तथा विदेशबाट शुभेच्छुकहरूबाट सहयोग जुट्ने क्रम जारी रहेको सङ्घकाअध्यक्ष पविन्द्र श्रेष्ठले जानकारी दिनुभयो।

सङ्घले व्यास नगरपालिका, म्याग्दे, ऋषिङ, आँबुखैरेनी गाउँपालिका सहित बन्दीपुर, पुरनडिही, दमौली अस्पताल, जिपी कोइराला श्वासप्रश्वास उपचार केन्द्रलाई अक्सिजन सिलिन्डर सहित स्वास्थ्य सामग्री वितरण गरेको छ भने कालीभञ्जन गण (इ) र नेपाल पत्रकार महासङ्घ जिल्ला शाखाका लागि पनि स्वास्थ्य सामग्री उपलब्ध गराएको छ।

स्वास्थ्य सामग्री वितरण अभियान जारी रहेको उहाँले बताउनुभयो। ती पालीका तथा अस्पताललाई आवश्यक अक्सिजन सिलिन्डर, पिपिई, अक्सिमिटर, फेसशिल्ड, हेडक्याप, थर्मामिटर, मास्क, स्यानिटाइजर, डस्टविन, गमबुट लगायतका सामग्री उपलब्ध गराइएको हो।

# निकुञ्जको पश्चिमी क्षेत्रमा गैँडा अधिक

रासस
चितवन, २७ जेठ

चितवन राष्ट्रिय निकुञ्जको पश्चिमी क्षेत्रमा धेरै गैँडा रहेको पाइएको छ।

हालै सम्पन्न राष्ट्रिय गैँडा गणनाको तथ्याङ्कअनुसार पश्चिमी क्षेत्रमा धेरै गैँडा भेटिएका हुन्। गैँडा गणनाका क्रममा निकुञ्ज र आसपासका क्षेत्रलाई १८ भागमा विभाजन गरिएको थियो। सो क्रममा आएको तथ्याङ्कअनुसार निकुञ्जको मुख्य कार्यालय कसरादेखि पश्चिमतर्फ ४२९ गैँडा भेटिएका हुन्। पूर्वतर्फ यो सङ्ख्या २६५ मात्रै रहेको छ।

निकुञ्जका सूचना अधिकारी लोकेन्द्र अधिकारीका अनुसार मुख्य कार्यालय कसराबाट पश्चिमतर्फ पर्ने सुखीभार क्षेत्रमा सबैभन्दा बढी १५४ वटा गैँडा भेटिएका छन्। यो क्षेत्र कसरासँगै जोडिएको क्षेत्र हो। यसलाई मध्यभाग मान्दा पूर्व र पश्चिम उस्तै उस्तै सङ्ख्यामा रहेका छन्। पूर्वमा २६५ र पश्चिममा २७५ रहेका छन्।

यस वर्षको गणनामा निकुञ्जमा ६९४ गैँडा भेटिएका थिए। पूर्वमा सौराहा आसपासका क्षेत्रमा गैँडाको राम्रो बसोबास रहेको पाइएको छ। यहाँ ९५ वटा गैँडा रहेका छन्। निकुञ्जको पुरानो पदमपुर आसपासका क्षेत्रमा ती गैँडा गणनाका क्रममा भेटिएका हुन्। त्यसैगरी सोही क्षेत्रको नजिक बहपुर खोला आसपासमा ६३ वटा गैँडा भेटिएको तथ्याङ्कमा उल्लेख छ।

सबैभन्दा कम मकवानपुर जिल्लाको प्रतापपुर क्षेत्रमा एउटा मात्रै गैँडा भेटिएको अधिकारीले जानकारी दिनुभयो। त्यस्तै त्रिवेणीको कानामाना क्षेत्रमा तीन वटा मात्रै गैँडा भेटिएका छन्। निकुञ्जका प्रमुख संरक्षण अधिकृत अणनाथ बरालले घाँसे मैदान र पानीको स्रोतहरु पूर्वमा बढी व्यवस्थित भए पनि पश्चिममा गैँडाको सङ्ख्या बढी भएको बताउनुभयो।

# मुस्लिम आयोगका पूर्वसदस्य मियाँको निधन

रासस
दमौली, २७ जेठ

मुस्लिम आयोगका पूर्व सदस्य रफिक मियाँको निधन भएको छ। तनहुँको भानु-१३ निवासी मुस्लिम अगुवा मियाँको बिहीबार बिहान ५ बजे निधन भएको हो।

मियाँ नेपाली काङ्ग्रेसका वडा सभापति समेत हुनुहुन्थ्यो। बुधबार दिउँसो खेतमा काम गरेर आएपछि बेलुकातिर अलि असहज भएको बताउनुभएका मियाँको बिहान ५ बजे निधन भएको पारिवारिक स्रोतले जनाएको छ। "राति अलि पेट पोल्यो पनि भन्दै हुनुहुन्थ्यो, अचानक मृत्यु भयो," पारिवारिक स्रोतले भन्यो।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

**पोखरा महानगरपालिका वडा नं. ९ शान्तिवन स्मृति सभाहल र सहारा आधारभूत प्रा.वि. भवन स्तरोन्नति गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।**

**योजनाको नाम : शान्तिवन स्मृति सभाहल र सहारा आधारभूत प्रा.वि. भवन स्तरोन्नति पोखरा-९**
**योजना सम्झौता मिति : २०७७/१०/१६ गते**
**योजना सुरु भएको मितिः २०७७/१०/१८ गते**
**योजना सम्पन्न मिति : २०७८/०२/२४ गते**
**योजनाको कुल लागत : रु.१४,३४,२४५।१७**
**सांसद विकास कोषबाट प्राप्त हुनुपर्ने रकम : रु. १०,००,०००।-**
**उपभोक्ता समितिबाट : रु.४,२५,५७२।-**
**ऋण सापट खर्चः रु २४८,०८०।३२**
**जम्मा खर्च : रु १६,७३,६५२।३२**
**उपभोक्ता समितिः प्रेम बहादुर गुरुङ -अध्यक्ष**
**रुद्रप्रसाद गौतम- उपाध्यक्ष लोचना अधिकारी- सचिव**
**निशा गौतम- कोषाध्यक्ष**
**अनुगमन समिति संयोजकः नन्दराम गिरी**

**स्मृति सभाहल र साहारा आधारभूत प्रा.वि. भवन स्तरोन्ती समिति पोखरा-९**